# लिखित परीक्षा कार्यक्रमसम्बन्धी सूचना

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा मिति २०७२।१०।२८ मा कार्यक्रम अधिकृतको लागि प्रकाशित एकिकृत विज्ञापन अनुसार मोरंग जिल्लाका **उर्लाबारी, कोसीहरैचा, पथरीशनिश्चरे, बेलवारी, रंगेली, लेटाङभोगटेनी र सुन्दरदुलारी नगरपालिकाहरुमा** उक्त विज्ञापन अनुसारको **कार्यक्रम अधिकृत**को पाठ्यक्रम तथा लिखित परीक्षा कार्यक्रम सम्बन्धी जरुरी सूचना ॥

**लिखित परीक्षा**

(क) माथि उल्लेखित नगरपालिकाहरुको एकिकृत रुपमा मिति २०७३ जेष्ठ २९ गते शनिवार विहान १०.०० बजे सुकुना उच्च माध्यमिक विद्यालय, कोसीहरैचा न.पा. वडा नं. १ , विराटचौकमा संचालन गरिनेछ । आवेदकहरुको प्रवेशपत्र मिति २०७३ जेष्ठ २३ गतेदेखि सम्वन्धित नगरपालिकाहरुमा वितरण गरिनेछ ।

(ख) लिखित परीक्षामा एकै उम्मेद्वार एक वा सो भन्दा बढी नगरपालिकामा आवेदन दिईएको पाईएमा उम्मेद्वारले उत्तरपुस्तिकामा आफूले आवेदन दिएको नगरपालिकाको नाम उल्लेख गर्नुपर्नेछ । उम्मेद्वारले उल्लेख गरेको नगरपालिकामा आवेदन दिएको पाईएमा निज लिखित परीक्षाको योग्यता क्रममा अगाडी आएमा संलग्न सबै नगरपालिकामा सफल भएको सूचना अन्तवार्ताको लागि प्रकाशन गरिनेछ ।

**कार्यक्रम अधिकृतको परीक्षाको पाठयक्रम निम्नानुसार हुनेछ :**

- नेपालको संविधान
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नगरपालिका सम्वन्धी व्यवस्था
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
- नगरपालिकाको न्यून्तम शर्त तथा कार्यसम्पादन मापन सम्वन्धी जानकारी
- सामाजिक परिचालन कार्यविधि, २०७१
- बालमैत्री स्थानीय शासन : राष्ट्यि रणनीति, २०६८
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८
- बातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७०
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नेपाल सरकारले अवलम्वन गरेका नीति तथा कार्यक्रम
- सामाजिक परीक्षण कार्यविधि, २०६७
- सार्वजनिक परीक्षण कार्यविधि, २०६७
- सार्वजनिक सुनुवाई कार्यविधि, २०६७
- नेपालको भुगोल, ईतिहास तथा राजनीति सम्वन्धी सामान्य जानकारी
- समसामायिक राष्ट्यि तथा अन्तराष्ट्यि घटना क्रम
- द्वन्द्व व्यवस्थापन तथा वार्ता सीप
- स्थानीय निकाय तथा सरोकारवालाहरुसंगको सम्वन्ध
- आर्थिक विकासका विविध पक्षहरु सम्वन्धी सामान्य जानकारी (जस्तै : शहरी गरीबी, वेरोजगारी आदि)
- कम्प्यूटर सम्वन्धी ज्ञान (अफिस प्रोग्राम : नेपाली तथा अग्रेजी)

**लिखित परीक्षा १०० (एकसय) पूर्णाकको हुनेछ। जसलाई निम्नानुसार विभाजन गरिएको छ :**

- वस्तुगत प्रश्नहरु : २० वटा प्रश्न (प्रतिप्रश्न २ अंकभार) सोधिनेछन वस्तुगत प्रश्नको गलत उत्तर दिएमा लोकसेवा आयोगको कार्यविधि अनुसार अंक कटा गरिनेछ ।
- विषयगत प्रश्नहरु : ८ वटा प्रश्न ( प्रतिप्रश्न ५ अंकभार) सोधिनेछ भने २ वटा प्रश्न (१० अंकभार) सोधिनेछन् ।
- लिखित परीक्षाको समय : २ (दुई) घण्टाको हुनेछ ।

**(पुनश्च : थप जानकारीको लागि सम्वन्धित नगरपालिका कार्यालयहरुमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ । )**